# स्थानीय राजपत्र

चामुण्डाविन्द्रासैनी नगरपालिकाद्वारा प्रकाशित

खण्ड १ चावि.नपा असार ३२ गते २०७५ साल (संख्या ३१)


स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम चामुण्डा विन्द्रासैनी नगरपालिकाको नगर सभाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## भाग-१

## चामुण्डाविन्द्रासैनी नगरपलिकाको स्वयंसेवक परिचालन कार्यविधि सम्बन्धमा व्यवस्था गर्न बनेको विद्येयक-२०७५

*प्रस्तावना :*

**यस नगरपालिकामा स्थायी बसोबासगरी बस्ने प्राविधिक जनशक्तिहरुले आर्जन गरेको ज्ञान र सीपलाई नगरको चौतर्फि विकासमा उपयोग गर्दै वेरोजगार यूवा जनशक्तिको मानोवल बढाउन यो नगर स्वयँसेवक परिचालन कार्यविधि सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकाले चामुण्डाविन्द्रासैनी नगर सभाले यो ऐन बनाएको छ ।**

### *परिच्छेद(१*

### *प्रारम्भिक*

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम चामुण्डाविन्द्रासैनी नगरपलिकाको स्वयँसेवक परिचालन कार्यविधि (सञ्चालन कार्यविधि) ऐन, २०७५ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "प्राविधिक जनशक्ति" भन्नाले दफा ८ मा उल्लिखित प्राविधिक जनशक्ति सम्झनुपर्छ ।

(ख) "प्रमुख" भन्नाले नगरपालिकाको प्रमुख सम्झनुपर्छ ।

(ग) "उपप्रमुख" भन्नाले नगरपालिकाको उप-प्रमुखलाई सम्झनुपर्छ ।

(घ) "कार्यपालिका" भन्नाले नगर कार्यपालिका सम्झनुपर्छ ।

(ङ) प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(च) "वडा कार्यालय" नगरपालिकाको वडा कार्यलय भन्ने सम्झनुपर्छ ।

(छ) "शाखा" भन्नाले विषयगत शाखा सम्झनुपर्छ । ।

(ज) "समिति" दफा ६ बमोजिम गठन भएका समिति सम्झनुपर्छ ।

(झ) "स्थानीय तह" भन्नाले नगरपालिका सम्झनुपर्छ ।

३. उद्देश्य : यस ऐनको उद्देश्य देहाय बमोजिम हुनेछ :-





(क) नगरपालिकामा स्थायी बसोबास भएका प्राविधिक जनशक्तिलाई नगरको चौतर्फि विकास कार्यमा परिचालन गर्नु ।

(ख) नगरको बौद्धिक सम्पत्तिको उपयोग गर्नु ।

(ग) नगरको बौद्धिक सम्पत्तिलाई कुलतबाट जोगाउनु ।

### *परिच्छेद-२*

### *अभिलेख*

४. अभिलेख तयार गर्ने : (१) उपदफा (२)बमोजिम स"चना जारी भएको अवधिभित्र अनुस"ची १ बँमोजिमको ढाँचामा प्रत्येक वडा कार्यालयमा दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त आव्हानको लागि एक महिनाको सूचना जारी गिरनेछ ।

(३) उप दफा (१) बँमोजिम प्राप्त दरखास्त अनुसार अनुस"ची २ बँमोजिमको ढाँचामा अभिलेख तयार गरिने ।

(४)उपदफा (३)बमोजिम दरखास्त दिने प्राविधिकहरुलाई सम्वन्धित विषयगत शाखा मार्फत वढीमा ६ महिनाकोलागि स्वयँसेवकको रुपमा खटाईनेछ ।

### परिच्छेद(३

### स्वयँसेवक परिचालन

५.स्वयंसेवक परिचालनलकार्यक्रम : (१) नगरपालिकाले प्रत्येक आर्थिक वर्षमा विषयगत शाखा मार्फत स्वयँसेवक परिचालन कार्यक्रम बनाई सँचालन गर्नेछ ।

(२)उपदफा (१) बमोजिम सँचालन गरिने कार्यक्रमकोलागि वजेट विनियोजन गर्नु पर्नेछ ।

(३) विनियोजित वजेटको अधिनमा रहि स्वयँ सेवक परिचालन गरिनेछ ।

(४) स्वयँ सेवकहरुको जिवन निर्वाह खर्च कार्यक्रम अनुसार हुनेछ ।।

६. स्वयँ सेवक परिचालन समितिको गठन (१)स्वयं सेवक परिचालनकोलगि देहाय बँमोजिम स्वयँ सेवक परिचालन समिति गठन गरिएको छ ।

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत | (संयोजक |
| (ख) विषयगत शाखाका शाखा प्रमुख सबै | (सदस्य |
| (ग) आर्थिक प्रशासन शाखा प्रमुख | (सदस्य |
| (घ) योजना अनुगमन शाखा प्रमुख | (सदस्य सचिव |

(२) समितिको काम कर्तव्य देहाय बँमोजिम हुनेछ ।

(क) स्वयं सेवक परिचालन सम्बन्धि नीति नियम बनाउन अध्ययनगरी कार्यपालिकामा सिफारिस गर्ने ।

(ख)स्वयं सेवक परिचालनकोलागि नगर अभिलेख तयार गर्ने ।

(ग)नगरको आवश्यकता अनुसार सबै वडामा स्वयँ सेवक परिचालन गर्ने ।

(घ) स्वयं सेवक परिचालन कार्यक्रम तयारगरी कार्यपालिकाबाट स्वीकृत गराउने ।

(७) स्वयँ सेवकोलागि आबश्यक योग्यता : स्वयँ सेवककोलागि देहाय बँमोजिम योग्यता आबश्यक पर्नेछ ।

(क) नगरपालिकामा स्थायी बसोबास गर्ने नेपाली नागरिक ।

(ख) दफा ८ को उपदफा १ को क ख र ग बमोजिमको प्राविधिक शिक्षाको प्रमाणपत्र भएको ।

(ग)यस नगरपालिकाद्वारा प्रकाशित सुचना अनुसार अभिलेखमा स"चिबद्ध भएको ।

(घ) १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

(ङ) बेरोजगार ।

## परिच्छेद-४
## प्राविधिक जनशक्ति

८ प्राविधिक जनशक्तिः (१) प्राविधिक जनशक्ति   देहाय बँमोजिम उल्लेख गरिएकोछ ।

(क)मान्यता प्राप्त शिक्षण सँस्थाबाट प्राविधिक विषयमा स्नातक तह उत्तिर्ण जनशक्ति जस्तै एमबिबिएस डाक्टर, बिएससि नर्सिङ्ग वा सो सरह ,बिफार्मेसी बिई इन्जिनियर,बिएस्सी एजी ।

(ख)मान्यता प्राप्त शिक्षण सँस्थाबाट प्राविधिक विषयमा प्रविणता प्रमाणपत्र तह उत्तिर्ण जनशक्ति जस्तै एच ए ,स्टाफनर्स ,ल्याब टेक्निशियन, फार्मेसी सुपरभाईजर, रेडियोग्राफर,जेटी ।

(ग)मान्यता प्राप्त शिक्षण सँस्थाबाट प्राविधिक विषयमा एसएलसि उत्तिर्ण ।जस्तै अहेब अनमी जेटिए ।

### अनुसूची -१
### (दफा ४ को उपदफा (३) सँग सम्बन्धित)
### स्वयं सेवकको दरखास्त फारामको ढाँचा

नाम थर

बाबु / पतिको नाम

ठेगाना

अध्ययनको विषय

प्राविधिक योग्यता

| योग्यता | प्राप्ताङ्क | प्रतिशत | शिक्षण सँस्था नाम | कैफियत |
|---|---|---|---|---|
| SLC | | | | |
| IA | | | | |
| BA | | | | |

पिताको पेशा

| कृषि | नोकरी | व्यापार | उद्योग | अन्य |
|---|---|---|---|---|
| | | | | |

अनुभब

| सिन | अनुभव क्षेत्र | अवधि | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

......................

दरखास्त दिनेको

दस्ततख





### *अनुसूची - २*
### *(दफा ४  को उपदफा (१) सगँ सम्बन्धित)*
### *अभिलेख फारामको ढाँचा*

दुवै कान देखिने पासपोर्ट साईजको फोटा

| क्रस | स्वयं सेवकको नाम थर | पिता ।पतिको नाम | ठेगाना | योग्यता | उत्तिर्ण प्रतिशत | उत्तिर्ण गरेको साल | अध्ययनको विषय | रोजगारी। बेरोजगारी | फोटा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |

आज्ञाले

बाबुराम नेपाली

प्रमाणीकरण मिति २०७४/..../....   निमित्त प्रमुख प्रशासकीय अधिकृत